# डङ्गौरा थारूका चाडपर्व : एक सिंहावलोकन

*राजाराम सुवेदी*
*अशोक थारु*[*]

## विषय प्रवेश

नेपालको तराई भू-भागलाई मुग्लानबाट रैयत ल्याएरसमेत गुल्जार गराउने जाति भएको कुरा बाइसे-चौबीसे राज्यकालीन दस्तावेजले प्रमाणित गरेको छ । ठाउँ र क्षेत्र विशेषको नामबाट थारूहरूको नामकरण गरिएको पाइन्छ । त्यसै आधारमा दाङ उपत्यकाका रैथाने वासिन्दालाई डङ्गौरा थारू भनिन्छ । वि.सं. २०२२ सालको भूमिसुधार योजनाअन्तर्गत भूमिहीन सुकुम्बासीहरूलाई अधिकरण गरिएको भूमि वितरण गर्ने योजनाबाट फाइदा भनौं वा अधिकार लिन थुप्रै संख्यामा दाङका थारूहरू नयाँ मुलुकमा छारा (बसाइसराई) गरे । यसरी कञ्चनपुरदेखि कपिलवस्तुसम्म दाङका थारूहरू बसाइसराई गरेको देखिन्छ । जो जहाँ गए पनि आफ्नो व्युत्पत्तिकै आधारमा उनीहरू चिनिन थालिए अर्थात् दाङबाट बसाइसराई गरी गएका हुनाले त्यहाँका रैथानेहरूले उनीहरूलाई डङ्गौरा भन्न थाले । यो लेखमा यिनै डङ्गौरा थारूहरूको लोकजीवनमा मनाइने चाडपर्वको उल्लेख गरिएको छ ।

चाड-पर्वलाई कसरी परिभाषित गर्ने ? मनोरञ्जनका लागि ... ? हैन, यो भित्र आस्था, श्रद्धाजस्ता मानवीय संवेग निहित हुन्छन् । धार्मिक ग्रन्थमा वर्णित देवी-देवताहरूसँग सम्बन्धित घटनाका आधारमा प्रचलित चाड-पर्व थारू जातिमा निकै मनाइन्छन् । जे होस्, चाडपर्वलाई लोकजीवनको मनोरञ्जन, विश्राम, मानवीय सम्बन्ध, श्रद्धाको नवीकरण, मानवीय उर्जाको नवीकरणको माध्यमभन्दा पनि अत्युक्ति नहोला । नेपाली बृहत् शब्दकोशकाअनुसार “रमाइलो मनाइने र पूजा आदि गरिने विशेष पर्व, मीठो-मीठो खाइने र रमाइलो गरिने पर्व वा दिन, पूजाआजा, भोजभतेर गर्नु सान्दर्भिक हुने देखिन्छ ।

थारूजातिमा मनाइने चाड-पर्वको वर्णन थारू क्यालेण्डरअनुसार गर्दा नै उपयुक्त देखिने भएकोले माघ पर्वबाट थालनी गर्न उचित देखिन्छ ।

## माघ (माघ अर्थात् मकरसङ्क्रान्ति)

थारूहरूका लागि माघ महिनामात्रै हैन, माघ सङ्क्रान्तिबाट सुरु भएर महिनाभर एउटा महान् चाड पनि हो । अर्को शब्दमा थारू समुदायका लागि यो आर्थिक वर्षको प्रारम्भ हो । मानव अधिकारको दर्शनको आधारमा भन्नु पर्दा कमैया र कम्लरीहरूका लागि माघ सङ्क्रान्ति मुक्ति दिवस हो र भन्न पनि सकिन्छ । स्पष्ट शब्दमा भन्ने हो भने माघी सामाजिक सद्भाव, मेलमिलाप, मानमर्यादा, सेवा सत्कारको पर्व हो । त्यसैले यस पर्वको तयारी एक-दुई महिना पहिलेदेखि नै थारू घर-

---

* इतिहास विषयका प्राध्यापक डा. सुवेदी हाल इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा कार्यरत हुनुहुन्छ भने श्री थारू दाङका दङ्गौरा थारूहरूको विषयमा विशेषज्ञ हुनुहुन्छ ।

घरमा आरम्भ भइसकेको हुन्छ । यसै पर्वका लागि असोज-कार्तिक महिनामै नजिकको खोला, नदी आदि जलस्रोतमा बाँध बाँधी, वनस्पतिका हाँगा पानीमा राखी माछाहरूका लागि वासस्थान बनाइन्छ, जसलाई थारू भाषामा "भिउँरा डर्ना" भनिन्छ ।

यस पर्वका लागि मंसीर महिनादेखि नै जाँड-रक्सी बनाउने तयारी भइरहेको हुन्छ । जाँडमध्येमा अनदी चालमको जाँड विशेष रूपमा बनाइन्छ, जसको क्वाथ भनौं या झोलको निकै महत्त्व हुन्छ । यस पर्वमा जाँड (जाँर) को यति महत्त्व हुन्छ कि यस पर्वमा नाचिने नाचको टेक नै सखी ए हो ! माधक पिली गुरी जाँर, सखी ए हो !" बनेको छ । जसको अर्थ माघीपर्वको पहेंलो जाँडको महत्त्व साथीहरूबीच गाएर बताइन्छ ।

यस पर्वका लागि पौष महिनाको प्रारम्भदेखि नै दुना-टपरी बनाउन वनबाट साल (सँख्वा) र मालुका (नम्हेनी) को पात टिपी ल्याइन्छ भने मासु, ढिक्री आदि परिकार पकाउनलाई दाउरा पनि ल्याइन्छ । ग्वाला गएकी महिलाहरू समेत यस पर्वका लागि दुना-टपरी खुट्ने गरिरहेकी भेटिन्छिन् भने घरमा बसेकी बूढी महिलाहरू पनि दुना-टपरी खुटिरहेकी हुन्छिन् । चटनी, साधारण तरकारी, रक्सी पिउन चिह्नी डोनी (सानो आकारको दुनो), जाँड पिउन र मासु खान डोस्टी डोनी (ठूलो आकारको दुनो) र भात खान टपरी चाहिन्छ ।

नवविवाहित दुलहाहरूले आफ्नो ससुरालीमा सल्लोको (सर्री) पाउरा पाहुरको रूपमा अनिवार्य लिएर "माघ मान" अर्थात् पर्व मान्न जानुपर्छ । त्यसका लागि पनि पहिले नै सल्लाको दाउरा ल्याइन्छ । खाना पकाउँदा सल्लो सहजै बाल्न सकिन्छ ।

गाउँका घरमूलीहरू (गरदुर्‍या) यो पर्व नजिकिनुभन्दा पहिले नै मटावाँ (गाउँमूली) को घरमा भेला भएर (ख्याला) यस पर्वमा कसले कति मासु खाने ? कसको घरमा कति धार्नीको सुंगुर छ ? सो को लगत खडा गरिसकेका हुन्छन् । गाउँबाट नै मासुको मागअनुसारको पूर्ति संभव नभए अन्यत्रबाट व्यवस्था गर्ने उत्तरदायित्व पनि मटावाँको आदेशमा गरदुर्‍याहरूकै हुन्छ ।

महिनौंदेखि पर्खिबसेको माघ पर्व अन्ततः ढोकैमा आउँछ । पौष महिनाको १५ गतेबाट अथवा अन्तिम अन्तिम दिन माघ पर्वको पहिलो दिन जस्तै हुन्छन् । यस दिनमा सुंगुर मारेर मासु खाइ पर्व मनाइने भएकाले य दिनलाई "जिटा मर्ना डिन" पनि भनिन्छ । गाउँका गरदुर्‍याहरू सुंगुर मारी मासु बाँड्छन् भने घर परिवारका अन्य सदस्यहरू भिउँरामा माछा मार्न जान्छन् । यो पर्व मुक्ति दिवस भएकोले श्रम बेच्न अन्यत्र गएका/गएकी कम्लरीहरू फर्किसकेका हुन्छन् । बुहारीहरू बिहानैदेखि कोही रक्सी पार्न, कोही ढिक्री बनाउन व्यस्त हुन्छन् । बूढीहरू आफ्नो नाति-नातिना हेर्दै दुना-टपरी खुट्न व्यस्त हुन्छन् । त्यसो त ढिक्री धेरै प्रकारका हुन्छन् तर यस पर्वमा "लट्ठा ढिक्री" मात्र बनाइन्छ । बुढीऔंलाजत्तिकै मोटो आठ-नौ इञ्च लामो चामलको पिठोबाट निर्मित वाष्फमा उसिनेको रोटीलाई लट्ठा ढिक्री भनिन्छ । गाउँका गरदुर्‍याहरू बर्छीले सुंगुर मार्छन् । परालको थुप्रोमा आगो लाएर पोल्छन्, मारिएका जति सुंगुर एकैठाउँमा काट्छन् । सङ्कलित लगतअनुसार बाँड्छन् । केटाकेटीहरू मासुको वरिपरि झुम्मिएका हुन्छन् ।

केटाकेटीहरूले मूत्रथैली सुंगुरको ब्लाडर (पुकाउनो) फुकिफुकि तँ छाड म छाड गरी आपसमा रमाइलोसँग खेलिरहेका हुन्छन् । सर्वत्र रमाइलो वातावरण देखिन्छ । सबैको अनुहार उज्यालो देखिन्छ । अन्ततः रात पर्छ । घरमा मीठो-मीठो परिकार बनेको छ । घरमुलीकी पत्नीले (गरढुर्न्या) मासु, माछा, ढिक्री आदि आफ्नै हातले सबैलाई बराबर वण्डा लाउँछिन् । घरका सम्पूर्ण सदस्यहरू घरको बैठक कोठा (बह्री) मा गोलबद्ध बसेका हुन्छन् । गरढुर्न्याको आदेशमा बुहारी-छोरीहरूले सबैलाई खानेकुरा पुऱ्याउँछन्, आफू पनि बस्छन् । अन्ततः रमाउँदै खानपिन गर्छन् । वर्षभरि पाखुरा बजाएको कष्ट, वर्षभरिको उतारचढावको विषाद, वर्षभरिको मनमुटावको कुनै सङ्केत देखिँदैन कसैको अनुहारमा । सबै प्रफुल्ल देखिन्छन् ।

आ-आफ्नो घरमा खानपिन गरिसकेपछि हरेक व्यक्ति हरेक व्यक्तिको घरमा माघ मान्ने क्रम सुरु हुन्छ । वर्षभरिको ठाकठूक सबै बिर्सिन्छन् सबैले । पूर्वाग्रह छ भने पनि आजको दिनदेखि त्यसलाई एकातर्फ थन्काएर एकले अर्कालाई बाहुली हाल्दै डोऱ्याइरहेका हुन्छन् आफ्नो घरतर्फ । जाँड र रक्सीको नसामा लटपटिएको जिब्रोबाट निस्केको अस्पष्ट संवाद सुनिरहुजस्तो लाग्छ । त्यो रात यिनीहरूका लागि वर्षभरिको जीवन संघर्षबाट उन्मुक्तिको अवसर सिद्ध भएको अनुभूति हुन्छ । सद्भाव जगाउने रात भएकोले उनीहरूको आँखामा निन्द्रा देखिन्न आलस्य नै देखिन्न ।

प्रौढ तथा बूढापाकाहरू “ढुमरु” (ध्रुपद) गाउँदै गरेको देखिन्छन् गोलबद्ध भएर, मटावाँको घरमा आगो बालेर । आजको दिनदेखि यो गीत गाउन आरम्भ हुन्छ थारू विधानअनुसार । (थारू शास्त्रीय गीत “ढुमरु” (ध्रुपद) र यसबेलामा बजाइने सङ्गीतको शास्त्रीय अध्ययन-अनुसन्धान हुनु अपरिहार्य रहेको कुरा स्मरणीय छ) । उदाहरणार्थ-

अट हे लाला रे पुरुवक डेश कुम्हरा वहुट
कुम्हरक जाट रहठ रीसाहा

खानपिन गर्दा-गर्दा, ढुमरु गाउँदा-गाउँदा थारू लोकजीवनको एलार्म बज्छ, “कुकुरी ऽकाँ” एउटा कुखुराले वाँग दिनेबित्तिकै गाउँभरिका कुखुराहरू कराउन (बास्न) थालिहाल्छन् । त्यसँगै आरम्भ हुन्छ माघ पर्वको दोस्रो दिनको क्रियाकलाप ।

“ठौं मन ना, ठौं मन ना” को तालमा मादल बज्न थाल्छ । “छुन छुन ना, छुन छुन ना” को तालमा झाली बज्न थाल्छ । मादल र झालीको झन्कार सुन्नेबित्तिकै जीवनका थुप्रै वसन्त पार गरिसकेका प्रौढ तथा वृद्धहरू गोलबद्ध हुन थाल्छन् । एकै छिनमा उनीहरूको भीड गाउँको गल्लीमा देखापर्छ मन्द-मन्द चालमा हिँड्दै, मादल घन्काउँदै, झाली घन्काउँदै, तोते बोलीमा गाउँदै-

“सखी ए हो ! माघक पिली गुरी जाँर, सखी ए हो”

अर्थात्- ए सखी ! माघ पर्वको उल्लासमा मीठो मीठो जाँरको झोल पिएका छौं हामीले त ।

एउटाले गीतको पहिलो पङ्क्ति के उठान गरेको हुन्छ, समूहले छोपिहाल्छ । यसरी गाउँदै, नाच्दै बूढापाकाको टोली पानीघाटतर्फ जान्छ । घर-घरबाट के बालबालिका, के किशोर-किशोरी, के युवा-युवती (ठँग्या-बठन्याओं), के प्रौढ-प्रौढा

सबैले उनीहरूलाई राग लय र नृत्यमा पछ्याउँछन् । पानीघाटमा नुहाउँछन्, द्रव्य दान गर्छन्, पुनः गाउँदै र नाँच्दै आ-आफ्नो घर फर्कन्छन्-

"बाबाकीसगरवा मुरिया लहान गैनु हाँ बाबाकीसगरवा
सखी ए हो ! टोपिया छुटल पानी घाट, सखी ए हो"

अर्थात्- बुवा ! म खोलामा नुहाउन गएँ तर कुन घाटमा गएँ र मेरो टोपी कहाँ छुट्यो, मैले बिर्सें ।

ए सखीहरू ! तिमीहरूले मेरो टोपी देख्यौ कि ?"

माघ स्नान गरी सबैजना घर-घर फर्किन्छन् । छुट्टाछुट्टै ढक्यामा राखिएको चामल, उर्दको दाल, नुन एक-एक पसर निकाली छुट्टाछुट्टै टपरीमा राख्छन् । यो क्रियालाई "नस्राउ कहनी" भनिन्छ । अर्को शब्दमा यो खिचडी दान हो । यसरी निकालिएको दाल चामल चेलीवेटीहरूलाई दान दिइन्छ । यसपश्चात् ज्येष्ठहरूलाई कनिष्ठहरूले हातमा ढोक (ढोग) दिन्छन् । (थारू संस्कृतिमा खुट्टामा ढोग्ने चलन नभएको कुरा स्मरणीय छ) । ज्येष्ठहरूले कनिष्ठहरूलाई आशिष सँगै द्रव्य दान दक्षिणा या नगद उपहारहरू दिन्छन् ।

बुहारीहरूले बडो सम्मानपूर्वक साथ सासु-ससुराहरूलाई खाने कुरा दिन्छन् । त्यसरी दिइने परिकारमा जाँड, रक्सी, ढिक्री, मासु प्रमुख हुन्छ । एकाबिहानै यसरी खानुलाई "वासी" भनिन्छ । वासीको अर्थ बिहानको नास्ता भन्ने हुन्छ । यति गर्दागर्दै दिउँसको खाजा (कल्वा) खानेबेला पनि हुन्छ । सासु-ससुरा र केटा-केटीहरूलाई अग्रिम दिसकेपछि देवरानी-जेठानी-नन्दहरू सँगै खान्छन् जुन क्रियाकलापले घरपरिवारमा नकारात्मक संवेगको सिर्जना हुनबाट बचाइराख्ने वातावरणको सिर्जना हुन्छ । यो चलन डङ्गोरा थारूहरूमा पुस्तौंदेखि चली आएको छ ।

गाउँको कुना-कुनाबाट मादल र झालीको झञ्कार र गीतको बोल सुनिन थालिन्छ । मघौटा नाच अर्थात माघ पर्वमा नाचिने नाचको प्रारम्भ भएको छ । उमेरगत रूपमा सबैका आफ्ना-आफ्ना समूह छन् । जो जुन समूहको भए तापनि नर्तकीले भने लहंगा, चाल्या, चोलो र लामो फऱ्याक लाएकी देखिन्छ । सिरमा घुम्टो (घुर्घुट), काँधदेखि कम्मरसम्म "सटकी" छ । निधारमा निकुला (टीको, टिक्ली), कानमा झिलमिल्या, गर्दनमा रातो, पँहेंलो, हरियो रङो पोते (गुऱ्या), चाँदीको सुट्या, वीसवटा खपटा पैसाको (कम्पनीको) माला, औंलामा अठन्नी वा एक रुपैयाँ ढ्याकको औंठी छ । पैतलाको बीचको औंलामा भिछिया, पैतलामाथि पैजन्या, घुङ्घना छ । पाखुरामा बाँका, विजायट, नाडीमा चुरा छ । मादले पुरुष होस् वा महिला, कम्मरमा मादल बाँधेको छ । समूहमा कसैले झाली (ठूलो मञ्जिरा), कसैले कसटार बजाइरहेका छन् । कसैले गीतको बोल उठाउँछ भने अरूले त्यो बोललाई टिप्छन् । अन्तिमको अन्तरा भने सबैले दोहऱ्याउँछन् । यसरी दिनभरि प्रत्येक घरमा नाच्दै, अनदीको झोल पिउँदै रमाउँछन् जसलाई समष्टिमा "माघ मन्मा" भनिन्छ । त्यसो र माघी चाड ४ दिनसम्म धूमधामपूर्वक मनाइन्छ ।

माघ महिनाको दोस्रो दिन तर माघ पर्वको तेस्रो दिनलाई "माघी डेवानी" भनिन्छ । घर-घरका गरढुऱ्याहरू माटाको गोलामा जाँड/रक्सी (मठ), बाँसको सानो छिटनीमा तरकारी आदि पाहर लिएर बिहानै मटावाँको घरमा जम्मा हुन्छन् । जाडो याम भएकोले आगोको धुनी बालिएको हुन्छ । धुनि वरिपरि बस्नका लागि खर्रा (एक हात चौडाइ २०-३० हात लम्बाइ भएको गुन्द्री), विडा (वेर्रा) विछ्याइएको हुन्छ । गाउँको प्रमुख मटवाँ, मटावाँ र घरमुलीहरू (गरदुऱ्या) बीच समन्वय कायम गर्ने व्यक्ति अगहूवा र गरढुऱ्याहरू बीच निकै गम्भीर छलफल हुन्छ । माघी डेवानीको दिन भनेको समग्रमा बितेको वर्षको कार्य समीक्षा, भावी कार्य योजना तर्जुमा र नयाँ सम्झौता गर्ने दिनलाई भनिन्छ । गत वर्ष कोही कसैका लागि श्रम बेचिरहेको थियो भने यो वर्ष पनि बाँधाका रूपमा विगतकै निरन्तरता दिने वा नदिने ? गाउ-घरमा कुनै नयाँ योजना छ भने त्यसको कार्यान्वयन कसरी गर्ने ? यसरी गाउँ व्यवस्थापनदेखि कसैको घर व्यवस्थापनसम्मका सम्पूर्ण विषयमा व्यापक छलफल हुन्छ । कहिलेकाहीं माघी डेवानीमा तीता प्रसङ्गहरू पनि आउँछन् तर उक्त दिन अर्काको मात्रै नभएर आत्मसमीक्षाको समेत दिन भएकोले माघ पर्वको उपलक्षमा पस्किएको जाँरको झोल सँगसँगै सबै तिक्तता घुलेर जान्छ । अथवा सामुदायिक र आपसी सद्भाव बढाउनमा यो पर्वले अद्वितीय महत्त्व बोकेको छ ।

आज माघ महिनाको तेस्रो दिन तर माघ पर्वको चौथो दिन अर्थात् अन्तिम दिन पनि । आजको दिनलाई "जन्मीन्हक माघ" अर्थात् महिलाहरूको माघ भनिन्छ । (लैंगिक समानताको युगमा अन्तिम दिनलाई महिलाहरूको पर्वमा निर्धारण गर्नु सामाजिक न्यायका दृष्टिकोणले कति उच्च छ भन्ने कुरा यही नै विचारणीय कुरा छ । जनजातिहरूमा लैंगिक विभेद अन्य समुदायको तुलनामा कम छ भने तापनि आंशिक रूपमा यस्ता नजिर वा तर्क लंगडो सिद्ध भएको पाउँछौं) । जेहोस्, थारू महिलाहरू पूर्ण रूपमा स्वतन्त्र मानिन्छन् । त्यसैले उमेरगत युवायुवतीहरू आ-आफ्नो समूहमा घर-घर माघ मान्न जान्छन् । साथसाथै उनीहरू जाँड, अनदीको झोल र रक्सी मात्र पिउँछन् अनि स्वच्छन्दतापूर्वक हिंड्छन्, बोल्छन् । बृद्धाहरूले आफू पूर्ण यौवनमा हुँदाका क्रियाकलाप सम्झन्छन् र यौवन यति छिटो ढल्केकोमा पछुताउँछन् । शारीरिक अवस्थालाई नवीकरण गर्न नसके पनि भावनालाई नवीकरण गर्न उमेर छँदाको गीत गाउँछन्, प्रौढाहरूसँग मिसिएर मघौटा नाचको रसास्वादन गर्छन् । यसैगरी मानसिक रूपमा रमाउँछन् महिलाहरू ।

के रात, के दिन ? एक गाउँबाट अर्को गाउँ मघौटा नाच्न जाने परम्परा तिव्र भएको पाइन्छ । यसै मघौटा नाचलाई माध्यम बनाएर कैयौं युवा-युवती मायापिरतीको डोरीमा बाँधिन्छन् । कोसेली (पौह्रा) पाहूर साटासाट गर्छन् । कहिले वनपात गएको बेला ल्याइएको "टाटा" (मालुका पातको फल) लाई कोसेली बनाएर, कहिले बजार खेल्न (किनमेल गर्न) गएको बेला ल्याइएको "जह्रया मिठाइ" (भेली) लाई कोसेली बनाएर । कहिले गहूँको, धानको भारी बोक्ने डोरी "दुइना" जुइनालाई कोसेली बनाएर । अन्ततः खुर्पेटो आकारको चन्द्रमा र तारा पश्चिम दिशातर्फ सँगै रहेको दिनलाई साइत बनाएर दम्पत्तिका रूपमा बाँधिन्छन्

आपसमा जसको श्रेय जान्छ परम्परागत चलेको माघ पर्वलाई । तर जसका लागि माघ पर्वले कुनै साइत जुराउन सक्दैन उनीहरू मघौटा गतिलाई आफ्नो अभिव्यक्तिको माध्यम यसरी बनाउँछन्-

सखी ए हो ! माघक पिली गुरी जाँर, सखी ए हो
सेंडुरा लेमङ बाबा सेंडुरा नैलेडेल्या हाँ, सेंडुरा लेमङन् बाबा
सेंडुरक कारन बाबा छोरी डेवु डेशवा टुहाँर, सखी ए हो

अर्थात्-बुवा ! मेरो यौवन तिम्रो आँखामा बिज्दैन क्या हो ? तिमीलाई थाह छैन यो यौवनमा हरेकलाई एक चुटकी सिन्दूरको चाहना हुन्छ ? तिमीलाई महसुस हुँदैन भने यही सिन्दूरको कारणले मैंले तिम्रो देश त्यागि दिन सक्छु । ए सखीहरू ! मेरो बुवालाई यो कुरा भन्देउ न ? म त माघ पर्वको उपलक्षमा मीठो-मीठो जाँडको झोल पिएकी छु ।

मेरी छोरीलाई मेरो काख विरानो लाग्न थालिसक्यो भन्ने कुरा बुवाले बुझ्छु । प्रत्यक्ष रूपमा उसले पनि त छोरीलाई केही भन्न सकिरहेको हुँदैन । त्यसैले मघौटा नाचलाई नै माध्यम बनाएर उसले आफ्नो मनको कुरा यसरी अभिव्यक्त गर्छ-

"सौंक साल दियरी सेन्डुरा महंग भैल हाँ, असौंक साल दियरी
आगु साल जैबुँ हटन पुरु पाटन, लामी डेबुँ सेन्डुरा वेसार, सखी ए हो,
माघक पिली गुरी जाँर सखी ए हो"

अर्थात्-छोरी ! तिम्रो भावना बुझ्दाबुझ्दै मैले तिम्रो लागि सिन्दूरको व्यवस्था गर्न सकिन । फिक्री नगर । यो वर्ष त सकिन सकिन, आउँदो वर्ष पाटन हाटबजार खेल्न जान्छु । त्यो बेला अवश्य पनि तिम्रा लागि सिन्दूरको व्यवस्था गरेर आउने छु । आज त म पनि माघ पर्वको उपलक्षमा मीठो-मीठो जाँडको झोल पिएको छु ।

यसरी माघ पर्व जीवनका सम्पूर्ण आग्रह-बग्रह पोख्ने पर्व हो जसले थारूहरूको जीवनको व्यवस्थापन गर्छ, शान्ति दिन्छ, सद्भाव दिन्छ, जुन भावले जीवनलाई आंशिक रूपमा भए पनि सरल बनाइदिन्छ । प्रयास गर्दागर्दै आइपर्ने समस्या र सङ्कट त थारू जीवनका कसी हुन् । ढुङ्गामा नपिसिदासम्म मेहन्दीले पनि कहाँ रङ दिन्छ र ?

ढुङ्याउनीमा (अन्त्यमा) माघ पर्व थारू लोकजीवनमा कसरी आयो होला ? के यसको सम्बन्ध सूर्य (सुरुज भरार) को उत्तरायण र दक्षिणायनसँग छ ? के यसको सम्बन्ध महाभारतका पितामह भीष्म पितामहको देह त्यागसँग छ ? छैन भने थारू गुर्वावाहरूले (बुद्ध) आफ्नो महाभारतमा (वर्कीमार) भिष्म अर्थात गंगेवालाई किन श्रद्धाका पात्र बनाए ? जिज्ञासा धेरै छन्, तर सबै अनुत्तरितजस्ता रहेका वा अनुसन्धान गर्ने प्रतिक्षामा रहेका छन् । लौकिक पर्व हुँदा यसको शास्त्रीय आधार भए नभएको कुरा खोजी गर्नै पर्ने स्थिति छ ।

## ढुंहेरी

फागुन महिनाको शुल्कपक्षको पूर्णिमालाई डङ्गौरा थारूहरूले ढुँह्रेरी भन्ने चाडको रूपमा मनाउँछन्, अर्थात् ढुह्रेरी अर्थात् होली अर्थात फागु पूर्णिमा । गाउँका

गरढुऱ्याहरू मटावाँको घरमा बिहानै जम्मा हुन्छन् । मटावाँकी श्रीमतीले तोरीको तेल, चामलको पीठो, कडाही दिन्छिन् । गरढुऱ्याहरू छायाँदार ठाउँमा जान्छन् । चामलको पीठोको "झझ्रा" रोटी पकाउँछन् । साँझ पर्छ । गरढुऱ्याहरू र केटाहरू सिमलको सानो बोट काटेर ल्याउँछन् । सिमलको बोट कान्भन्दा पहिले "सेम्रक ढ्वाटा फूल गै रे, फूल गै रे, उप्पर लाग टेम्हरी, टेम्हरी" जस्ता वाक्यांस भट्याउँछन्, मादल बजाउँछन्, घण्ट बजाउँछन् र सिमलको बोटको परिक्रममा गर्छन् त्यसपश्चात् सिमलको बोट काट्छन् । सिमलको बोटलाई भुइँमा खस्न नदिएर समाइन्छ । त्यसलाई गाउँबाहिर एक ठाउँमा गाडिन्छ । त्यसमाथि खर ओढाइन्छ । गन्यारी नामक काठमा त्यसैको हाँगाले प्वाल पारी घर्षण क्रियाद्वारा आगो बालिन्छ । त्यही आगोबाट सिमको बोटमा आगो लगाइन्छ । यो क्रियालाई थारू जातिको परम्परामा "चीर डुङ्ना" भनिन्छ । यसरी बलेको चीरमा रोटी चढाइन्छ । गरढुऱ्याहरूले आफ्नो घर-घरबाट ल्याएको गुइँठा यस आगोमा पोलिन्छ । यही गुइँठा सबैले आफ्नो घर लगी यसैबाट आजको खाना पकाइन्छ । आजको दिन यस वाहेक अर्को विधिबाट आगो बालेर खाना पकाइँदैन ।

चीरदाह गरिसके पछि सबै गरढुऱ्याहरू ग्रामीण देवस्थलमा (भुइँयार) भेला हुन्छन् । गुरुवाले सबै देवीदेवताहरूलाई रोटी चढाउँछन् । एक टपरी खाना (पिट्रौन्हक भाट) पनि चढाउँछन् । त्यसपश्चात् स-साना केटाहरू टपरीको खाना लिएर गाउँको जलाशय वा जलस्रोतमा भएका ठाउँ वा कुवामा जान्छन्, त्यहीं त्यो खाजा खान्छन् । त्यसपश्चात घण्ट हल्लाउँदै अश्लिल शब्द भट्याउँदै गल्लीमा ओहोरदोहोर गर्छन् । त्यसपश्चात् बाँसको पिचकारीले रङ खेल्न (होरी खेल्ना) शुरु हुन्छ । पहिलै केटाले केटीलाई पिचकारीले रङ् छ्याप्थे, अचेल यो चलन लोप भइसकेको छ ।

थारूहरूको यस पर्वले प्राचीनकालीन महोत्सवको (वशन्त प्रवेशको) सम्झना गराउँछ भने अश्लिल वाक्यांश भट्याउने कार्यले फ्रायडवादको सम्झना भनौं यौन स्वतन्त्रताको सङ्केत गर्न खोजेको जस्तो पनि दिलाउँछ । हाम्रो अवचेतन मनभित्र सुषुप्त अवस्थामा रहने यौनसम्बन्धी भावनालाई अभिव्यक्त गर्ने एउटा सीमा बाँध्नुपर्ने भएकोले यस पर्वलाई आधार बनाएको कुरा चाखलाग्दो र अनुसन्धेय छ । बाँधी जातिमा भाद्र १ गते पनि त्यस्तै प्रदर्शन पाइन्छ । एक दिनको मात्र पर्व हुनाले ढुह्रेरी पर्वबारे सङ्क्षेपमा यहाँ वर्णन गरिएको हो ।

**अटवारी**

अट्वारी अर्थात् भाद्र महिना शुक्ल पक्षको पहिलो आइतबार (तीज पछिको) यो पर्वको आगमनसँगै कडू तेल पेल्ने, पीठो पिसाउने काम दुई-चार दिन पहिलेदेखि नै आरम्भ भइसकेको हुन्छ । यद्यपि अटवारी पर्व एक दिन मात्र मनाइन्छ । त्यसको तयारी पहिलेबाटै आरम्भ हुन्छ ।

अट्वरी पर्वको पहिलो रात ब्रह्ममुहुर्तमा दर खाने नाममा भात, माछा, चोखो तरीकाले पकाइन्छ । त्यसपश्चात्को दोस्रो दिनभरि पुरुष-महिलाहरू व्रत बस्छन् । दिउँस पुरुष व्रतालुहरू नुहाइधुवाइ गरी "ठोप्वा" रोटी पकाउँछन् । रोटी

पकाउने ठाउँलाई गोवरले लिपेर चोखो बनाइएको हुन्छ । सबभन्दा पहिले पकाइएको रोटी आकारमा अरूभन्दा ठूलो हुन्छ जुन लोकविश्वासअनुसार भीम (पाण्डवका वीर पुरुष) का लागि अलग्गै राखिन्छ । साँझ सबै व्रतालुहरू नुहाइधुवाइ गरी लिपेको ठाउँमा बस्छन् । बीचमा आगो, लोटामा जल राखिन्छ । टपरीमा रोटी, काँक्रो, दही आदि खाने कुरा राखिन्छ । व्रतालुहरूले आ-आफ्नो टपरीबाट सबै खानेकुरा अग्नी देवतालाई चढाउँछन्, जल आचमन गर्छन् । त्यसपश्चात् अर्को दुना टपरीमा आफ्नो दुना टपरीबाट खानेकुरा निकाल्छन् । यसरी निकालेको खानेकुरालाई “अग्रासन” भनिन्छ ।

अट्वारीको दोस्रो दिन ब्रह्ममुहूर्तदेखि नै व्रतालु महिलाहरू खाना पकाउन थाल्छन् । खानामा तीन, पाँच, सात प्रकारको तरकारी पकाइन्छ जसमा पवैको साग र सिल्टुङ पाप्रो, चिचिण्डो, आदि आदि मौसमी तरकारी हुन्छ । यत्नपूर्वक तयार पारेको खाने कुरा तयार भइसकेपछि व्रतालुहरू नुहाइधुवाइ गरी चोखो ठाउँमा बस्छन् । आ-आफ्नो भागबाट खानेकुरा खानुभन्दा पहिले अग्नी देवतालाई चढाउँछन्, जल आचमन गर्छन् छुट्टै दुना टपरीमा खाने कुराको केही अंश छुट्याएर निकाल्छन् । त्यसपश्चात् आफू खान्छन् । निकालिएको खानेकुरा अर्थात् अग्रासन आफ्ना दिदी-हिनीहरूलाई त्यसै दिन ढकियामा लिएर जान्छन् । उपवास समापन गर्दा शाकाहारी खाजा खाए तापनि अग्रासन दिन जाँदा मासु माछासमेत पकाएर दिन्छन् ।

चेलीवेटीहरूका लागि अग्रासन आउने दिन वा क्षण अविस्मरणीय हुन्छ । माइतीबाट दिन आउने अग्रासनको वडा व्यग्रताका साथ प्रतीक्षा गरिरहेका हुन्छन् । कुनै कारणवश अग्रासन नपाएमा दिदीबहिनीहरूको मनको उदासी, छटपटी, मनमा परेको गाँठो फोर्दै निस्केको आँसुको मापन गर्ने कसले ? दाजुभाइ र दिदी-बहिनीको प्रेमको यस्तो नमुना पर्व तीज जस्तै थारूहरूको चाड अचेल आधुनिकीकरणको जालोमा ओझेल हुन सुरु भइसकेको छ ।

यस पर्वको ऐतिहासिक किम्बदन्ती वडा अनौठो छ । दाङ सुकौराका थारू राजा दङ्गीशरनको दरबार घोडारूपी उर्वशीका कारण स्वर्गका राजा इन्द्रले आक्रमण गरिदिने धम्की दिएपछि भीमले निजलाई शरण दिएपछि भीम र देंगीबीच निकै घनिष्टता बढेछ । एकपटक कुनै शत्रुले दंशीमाथि आक्रमण गरिदिएपछि रोटी पकाउँदापकाउँदै रोटी त्यसै छोडेर भीम दंशीको सहयोगमा गएछन् । संयोगले त्यो दिन आइतबार नै रहेछ । त्यसै बेलादेखि यही घटनाको संझनामा भीमप्रति कृतज्ञताज्ञापन गर्न मनाइने पर्व “अट्वारी” भएछ ।

यो पर्वका बारेमा तर्कपूर्वक प्रस्तुत गर्दा आइतबारलाई रविबार पनि भनिन्छ । रवि अर्थात् सूर्य जो जीवनको मुख्य उर्जास्रोत हो । स्मरणीय छः श्री सूर्यनारायणको आराध्य कन्या कुन्ती महाभारतकी नायिका कुन्तीकोटारिन देवी माइका रूपमा पुजिन्छिन् थारू संस्कृतिमा । उनमा तेत्तीसकोटि देवीदेवताहरूलाई आह्वान गर्ने शक्ति विद्यमान थियो । त्यही शक्ति अर्थात् मन्त्रको परीक्षण गर्दा रवि अर्थात् सूर्य आइपुगी निजबाट कर्ण (थारू परम्परामा भनिने करेङवीरराज) को जन्म भएको थियो । थारू संस्कृतिअनुसार छोराको जन्म भएमा “सठौरा पूजा” पुज्ने

चलन छ जसमा रोटी अर्थात् लुची चढाइन्छ । सठौरा नपुग्दासम्म उपवास गरिन्छ । रवि अर्थात् सूर्य ब्रह्माण्डका शक्ति भएको र कोटारिन माइका पूजनीय दुवै भएकाले सम्भवतः रविको सम्झनामा रविबार अर्थात् आइतबारका दिन गरिने व्रत उपवासलाई “ट्वारी” भन्न थालिएको हुन सक्छ । टवारी पर्वका बारेमा विस्तृत अध्ययन पनि गर्न सकिन्छ ।

**अष्टिम्की**

भाद्र महिनाको कृष्णपक्षमा पर्ने अष्टमी तिथिमा भगवान् श्रीकृष्णको जन्म भएको दिनलाई डङ्गौरा थारूहरूले अष्टिम्की अर्थात् कृष्ण जन्माष्टमी र थारू महिलाहरूको अद्वितीय चाड भन्दछन् । भाद्र महिनाको अष्टमी तिथिमा कृष्ण (कान्हा) लाई टिको लाएर मनाइने चाड भएकोले यसलाई थारू भाषामा अष्टिम्की भन्न थालिएको हो ।

अष्टमीको दिन गाउँको मटावाँको घरमा बैठक कोठामा (बह्री) स्थापित अन्न राख्ने माटाको भाँडो डेहरीमा ढुङ्गा वा माटाको १ पाथीभन्दा बढी अटाउने भाँडो ढुङ्गामा पिंधेर बनाइएको चामलको झोलले पोतिन्छ । थारू लोकचित्रकारले त्यसमा थारू लोककला चित्रण गर्छन् । कृष्णाष्टमी पर्व सरा हिन्दूहरूले धूमधामसँग मनाएझैं डङ्गौरा थारूहरूबाट पनि मनाएको यो ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । चित्र बनाउनका लागि प्रयोग गरिने रङ संभव भएसम्म प्राकृतिक वस्तुबाट नै बनाइन्छ । जस्तै- सुकेको लौका आगोमा पोलेर त्यसैको कोयलाबाट बनाइएको कालो रङ, सिमीको पात पिँधेर बनाइएको हरियो रङ, गेरुले बनाइएको रातो रङ । त्यस्तै चित्र कोर्ने कूचीको निर्माण पनि बाँसलाई काटेर वा सिन्कामा कपास बेरेर बनाइन्छ । यसमा कुनै रासायनिक रङको प्रयोग गरिंदैन ।

डेहरीको माथिल्लो भागमा माटोले बारवटा टाउका बनाइएको हुन्छ जसलाई बरमुन्वा भनिन्छ । कसै-कसैले बरमुन्वाको हात खुट्टा पनि माटोले बनाइदिएका हुन्छन् । बरमुन्वा रावणको थारू नाम हो । महिलाहरूद्वारा बनाइएको बरमुन्वा थारू सेरामिक कलाको अद्भूत नमुना हो । अतः रङ्ग र कला पनि यो स्थायी रूपमा रहिरहन्छ । थारू संस्कृतिमा रावणको महिमा रामको पुरुषार्थको तुलनामा धेरै छ ।

डेहरी चारैतर्फ एउटा फ्रेमचारकुने चौकोश बनाइन्छ जसभित्र त्रिभूजाकार बुट्टा भरिन्छ । यही फ्रेमभित्र दाहिनेतर्फ सुरुज भएर र देब्रेतर्फ चन्द्रमाको चित्र बनाइन्छ । थारू लोककाव्यमा गाइने समरौटी अर्थात् प्रार्थनामा अनेकौं देवीदेवताहरूमध्येमा सुरुज भरारलाई पनि स्मरण गरेबाट र यहाँ चित्र बनाइ पूजा गरेबाट थारू संस्कृतिमा सुरुज भरारको महिमा निकै रहेको स्पष्ट हुन्छ ।

सुरुजभरार मुनी लहंगा धारण गरेकी पाँचवटी द्रोपदी चित्रित हुन्छिन् । कुनै चित्रकारले द्रोपदीलाई छाता समेत ओढाइ दिएका हुन्छन् भने कसैले द्रौपदीको (डुर्पटी) सिरमा नागफनीजस्तो आकृति आफ्नो चश्मामा निर्भर हुन्छ । जे होस्, कसलाई कस्तो आकृति दिने भन्ने कुरा चित्रकारको आ-आफ्नो चश्मामा निर्भर हुन्छ । (हालसम्म दाङ कचिला गाउँका डम्वर चौधरी (५५) को अष्टिम्की चित्रण सर्वश्रेष्ठ देखिएको कुरा

स्मरणीय छ) । पाँचवटी द्रौपदी चित्रित गर्नुको आशय पाँच पाण्डवहरूमा द्रौपदीप्रतिको मनोविज्ञान छल्काउनु रहेको कुरा स्पष्ट हुन्छ ।

यस मुनिको पंक्तिमा पाँच पाण्डवहरू चित्रित हुन्छन् । लोकचित्रकारहरूका अनुसार कुनै पाण्डवले छाता ओढेका हुन्छन् भने कसैले मादल भिरेका, कसैले गदादण्ड समेत समातेका हुन्छन् भने वर्तमान द्वन्द्वको प्रभावले हुनसक्छ, कसैले त बन्दुक भिराइदिएका हुन्छन् पाण्डवहरूलाई । बीचमा डोलीको चित्र हुन्छ । यसै डोलीमा आसिन गराएर पाण्डवहरूले द्रौपदीलाई भित्र्याएका हुन् भन्ने धारणा थारू संस्कृतिअनुसार रहेको पाइन्छ ।

सबभन्दा तलको भागमा माटाकै दुइवटा वासुकी नाग बनाइदिएकी हुन्छिन् थारू महिलाले । त्यसमाथि चित्रकारले जलाम्य देखाएका छन् । दुइवटा वासुकी नागको बीचबाट चित्रकारले कदम्बको वृक्ष उमारेका छन् । कान्हालाई कदम्बको वृक्ष वडा प्यारो थियो रे । चीरहरण गरे यही कदम्बकै रूखमा त टाँगी दिएका थिए कृष्ण भगवान्ले कालिया दमन पनि त क्षिर सागरमै गरेका थिए । जलमा गोही, गंगटा, माछा, कछुवा चित्रित गरेका छन् चित्रकारले । कदम्बका रूखमा बाँदर छ । जलमा एउटा डुंगा छ जसमाथि मानिस चढेका चित्रहरू पनि कोरिएका छन् । समग्रमा यस आलेखनले सृष्टिको उत्पत्तिदेखि विकासक्रमका बारेमा आफै बोल्छ । थारू चित्रकारले यसरी अष्टिम्की चित्रण गरिरहेका हुन्छन् भने थारू महिलाहरू, अर्को शब्दमा भनौं भने थारू युवतीहरू गोपिनी बिहानैदेखि अष्टिम्की पूजनको तयारीमा व्यस्त हुन्छन् । माटाका पाला, गरगहना धानको भुसले माँजेर-सफा गरेर टलक्क टल्काउँदछन् । आफू स्वयम् पनि नुहाउँछन् । आफ्ना प्रिय कान्हालाई चढाउनका लागि कान्हाका प्रिय वस्तु घुन्यासरको फूल, काँक्रो, अम्बा, मेवा, अमिलो जम्मा गर्छन् । कृष्णाष्टमीको दिन मनाइने सो पर्व डङ्गौरा थारूहरूमा अत्यन्तैलोकप्रिय रहेको पाइन्छ ।

चुक घोप्टिएझैं अमावस्याको रात, जुनकिरीले प्रकाश छर्दैछन् तारामा रूख वृक्षमा टाँसिएर । घर-घरबाट सीर शृङ्गारमा ठाटिएकी व्रतालु किशोरी-युवती तथा प्रौढाहरू थालमा चामल, चामल वरिपरि घुन्यासरको फूल, काँक्रो, अम्बा, मेवा, निवुआ, कागति, अमिलोजस्ता फलफूल, चामलको बीचमा धपधप बलेको बत्ती दुबै हातले समातेर गल्लीमा लामका लाम निस्कदाको अवर्णनीय सौन्दर्य वर्णनातीत लाग्छ । दर्शकहरू त यस सौन्दर्यमा मोहित हुन्छन् भने आफ्नो पूजनका लागि भइ आएका थारू गोपिनीहरूको सौन्दर्यमा कान्हा कसरी मोहित नभइ रहलान्जस्तो लाग्दछ ।

अष्टमीका दिन पूजन स्थलमा ओछ्याइएको गुन्द्रीमा व्रतालुहरूले आफ्नो पूजन सामग्रीमध्येमा कान्हाका लागि खीर खाने चामल, खन्याउँछन्, त्यस वरिपरि फलफूल राख्छन् र चामलमाथि बत्ती राख्छन् । सर्वप्रथम मटावाँकी पत्नीले अष्टिम्की चित्रमा सबैलाई सिन्दूरको टीका लाइदिन्छिन्, लोटाको जलले आचमन गर्छिन् । एवम् रितले सम्पूर्ण व्रतालुहरूले अष्टिम्की पूजन गर्छन् । घर-घर फर्केर फलफूल, दही खाएर उपवास समाप्त गर्छन् । मध्यरातमा पुनः पूजन स्थल फर्कन्छन्, अष्टिम्की गीत गाउन सुरु गर्छन् :

पहिल ट सिरिजल जल ठल ढरटी, सिरीजी ट गैल कुशकइ डान
सिरीजी ट गैल लारी लरिचाकइ साग, सिरीजी ट गैल अन्न पुरुष
सिरीटी ट गैल डाखी डरिउनाकइ साग

अहोरात्र अष्टिम्की गायन चलिरहन्छ । माटाको बत्ती निभ्न हुँदैन अन्यथा इच्छित फल प्राप्त हुँदैन भन्ने जनविश्वासका आधारमा रात्री जागरणको क्रममा व्रतालुहरू आ-आफ्नो बत्तीमा तेल थपिराख्छन् ।

अष्टिम्की पर्वका दोस्रो बिहान, ब्रह्म मुहुर्तमा रात्री जागरण समाप्त हुन्छ । घर-घरबाट टपरी लिएर पुनः शृङ्गार गरी पूजनस्थलमा व्रतालुहरू आउँछन् । टपरीमा फलफूल र बत्ती राख्छन् । नजिकको खोला, नदीको जलप्रवाहमा प्रसादयुक्त टपरी बगाइदिन्छन् । जलप्रवाहमा धिपधिप बलिरहेको बत्ती, अमिलो आदि फलफूल स्थानीय जमुनाबाट बग्दै-बग्दै गोकुलको जमुनामा पुग्छ जहाँ कान्हाले उक्त प्रसाद लुटीलुटी खान्छन् । तर यहींका स्थानीय थारू वालगोपाहरू प्रशस्त भेला हुने हुँदा व्रतालुहरूले प्रवाह गरेको उक्त प्रसाद गोकुलका कान्हाकहाँ पुग्नै पाउँदैन कि जस्तो भान हुन्छ ।

व्रतालुहरू आ-आफ्नो घर फर्कन्छन् । अन्य पर्वमा जस्तै सिल्टुङ मिसाइएको पर्वको साग, पाप्रो (गण्डा), चिचिण्डो (कैंन), भात यस्तै यस्तै प्रसाद, घ्यू अग्निलाई अर्पण गरी आफूले खान्छन् । आफ्ना दिदी बहिनीहरूका लागि छुट्याइएको भाग अग्रासनको रूपमा दिन जान्छन् जुन भातृप्रेमको प्रतीक हो ।

यसरी यो अष्टिम्की गहन दर्शनले परिपूर्ण छ जुन परम्परालाई डङ्गौरा थारूहरूले परापूर्वकालबाट अटुट रूपमा अद्यापि कायम राखेका छन् । भागवत् पुराणमा आधारित यो लोकचित्रकला डङ्गौरा थारू संस्कृतिमा भित्रिनु अनुसन्धेय छ । यो पर्व डङ्गौरा थारूहरू जहाँ-जहाँ बसोवास गर्दछन् त्यहाँ अत्यन्त व्यापक रहेको देखिन्छ ।

**डश्या**

आर्य सनातनी वैदिक धर्मावलम्बी, खस र मगरहरूले शारदीय दुर्गापूजालाई बडादशैं भनी १५ दिनसम्म धुमधामसँग मनाउँछन् । त्यस लामो चाडलाई डङ्गौरा थारूहरूले डश्या भनी विधिवत् आफ्नै परम्पराको रूपमा युगौंदेखि आफ्नो समाजका सबै उमेरसमूह तथा कार्यविभाजन गरी मनाउँदै आएका छन् । त्यसै अवसरमा नारीहरूले आफ्नो घरको सफाई गर्नलाई डश्या अर्थात् बडा दशैंको आगमनपूर्व थारू महिलाहरूले आ-आफ्नो घर गोवरले पोत्नुका साथै सेतो कमेरो माटोले पनि पोतिसकेका हुन्छन् । त्यसो त मकै र जौको जमरा राखेकै दिनदेखि डश्याको आरम्भ मानिन्छ तर वास्तविक डश्या भने ढिकह्वा अर्थात् अष्टमी तिथिदेखि सुरु हुन्छ । त्यसो त पञ्चमी वा षष्ठीका दिनदेखि नै प्रत्येक घरका घरमूलीहरू एक करै मद्य (गुँड), एक झुप्पा मकै, एउटा गुन्द्रो लिएर आ-आफ्नो गुरुपुरोहित, धामीझाँक्रीको घरगुर्वाको घर बानधूप (गुर्वाको निधार, पाखुरा, छाती त्रिभो र पैतला चिरेर निकालेको रगत मुछिएको क्षमता) लिन जान्छन् । सो बानधूप ल्याएर आफ्नो गृहदेवस्थलमा टाँगिएको झोलामा हिफाजतसाथ राख्छन् । यसपश्चात् घरका देवीदेवताहरूलाई चढाउन यही अक्षताको प्रयोग गरिन्छ ।

प्रत्येक वर्ष दशैंमा गृहदेवस्थलमा स्थापित घोडारूपी देवतालाई पुनःस्थापित गर्नुपर्छ जसका लागि घरमुलीहरू कुमाल गाउँमा जान्छन् । सप्तमीका दिन देवीदेवताहरूलाई चढाइने ढिक्री वाष्पीकरण गर्न पैनसटोपी (ढिक्री वाष्पीकरण गर्ने साधन) धुन्छन् । त्यसै दिन ढिकीमा ढिक्री बनाउने चामल पनि कुट्छन् ।

अष्टमी तिथीलाई डङ्गौराहरूको भाषामा ढिक्रहवाको दिन घर मुलीकी पत्नी अर्थात् गरदुर्न्या बिहानैदेखि ढिक्री बनाउन थालेकी हुन्छिन् । दशैंमा सात प्रकारको ढिक्री बनाउनु पर्छ देवीदेवताहरूका लागि । गुलेप्वा ढिक्री (बीचमा फुकेको अगाडि पछाडि तिखुल्लो परेको बाटुलो आकारको ढिक्री), लट्ठ ढिक्री (माघ पर्वमा बनाइने ढिक्री), व्याभ्फा ढिक्री (तीन-र इञ्च लामो, कान्छी औंला जत्तिकै मोटो पाँचवटा ढिक्रीलाई रोटीजस्ता मीठा पदार्थ दुई ठाउँमा बेरेर दाउराको बोभ्फाजस्तै बनाइएको ढिक्री), छिटनी ढिक्री (पैसाको ढ्याकजत्तिकै आकारमा बीचमा औंठाले दावेर चेप्टो बनाइएको ढिक्री), बढ्या पौवा ढिक्री (पैसाको ढ्याकजत्तिकै आकारमा अङ्ग्रेजी यू आकारको पीठो चेप्ट्याइएको ढिक्री), राजपटोल ढिक्री (बेलनाकार ढिक्री), पिर्का ढिक्री) चेप्टो गोलो आकारमाथि चार कुनामा पिठोको चारवटा डल्लो राखिएको ढिक्री) दशैंमा बनाइने ढिक्री हुन् । ढिक्री बनाउन वाफको प्रयोग गरिने भएकाले सबभन्दा मुनि भाँडामा पानी तताइन्छ । त्यसमाथि कुशले बुनेको पैन हुन्छ जसको पिंध प्वाल परेको हुन्छ । प्वालमा बाँसको छडी तेर्स्याइ ढित्री खस्न नदिने बनाइन्छ (पैन भरा) ढिक्री राखिन्छ । माथिबाट केराको पातले छोपी कुशबाट बनाइएको टोपीले ढाकिन्छ । पानी तातिदा त्यसबाट आएको वाष्फले ढिक्री तयार हुन्छ । रात परेपछि सबै परिवारका सदस्यहरूले साथ लागेर सर्वपथम घरमुली नुहाएर आउँछन् । गृहदेवस्थलका सबै देवीदेवताहरू मैयाँ, खेखी, लटौ महाडेत, लागुवासु, सौंरा, गुर्वावा, व्याँट, घोडाका रूपमा रहेका देवताहरूलाई नुहाइदिन्छन् । पुरानो चढाएको माटाको घोडालाई नयाँ पार्न घोडाको ठाउँमा नयाँ घोडा देवता स्थापित गरिन्छ । देवीदेवताहरू पाटामा स्थापित हुन्छन् । घोडा देवता हुने पाटा होचो अर्थात् एक इञ्च मोटाइ भएको रोटीको आकारका हुन्छन् भने मैयाँ, खेखी, लागुवासु, लटौमहाडेव, सौंरा बस्ने पाटा जमिनबाट लगभग छ इञ्च अग्लो तीनवटा खुट्टायुक्त पाटा हुन्छ । घरमूलीले नयाँ बद्दानी (फूलपाती) र बेलको सानो हाँगा ल्याएर आफ्नो घरको उत्तरतर्फको कुनामा स्थापना गर्दछन् । गृहदेवस्थलमा (डिउहार) शास्त्रीय ढाँचार र तालअनुसारको मादल बज्न थाल्छ । सो താललाई शब्दचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ- “चाङ भुइँयक मचाङ मचाङ मचाङ मचाङ, भुइँयक, मचाङ भुइँयक” । घरमूलीले पातमा सबै प्रकारका ढिक्री राख्दै माथिबाट पातले ढाक्दै सबै पाटाका अगाडि चढाउँछन् । जमरा र वेव्री चढाउँछन् । थारू संस्कृतिमा देवीदेवताहरूलाई वेव्री वाहेक अन्य कुनै पनि फूल नचढाइने कुरा स्मरणीय छ) । मद्यको धार दिन्छन्, वानधूप चढाउँछन् । लोकविश्वासअनुसार आजको रात पितृहरू दशैंको प्रसाद खान पितृलोकबाट मर्त्यलोकमा आफ्ना सन्ततिहरूले दिएको उपहारसहित आत्माको रूप लिएर आउँछन् ।

आजको रात थारू नर्तक-नर्तकीहरू अहोरात्र सख्या र पैयाँ नाच नाच्छन् । नर्तकीहरूगीत सिकाइ माग्न सुरुमा कहाँ जान्छन् । देवीदेवताहरूको नाम सिकाइ दिन देशवन्द्या गुऱ्वा नृत्यस्थलमा उपस्थित हुन्छन् । सख्या र पैयाँ नृत्यको उद्भवको बारेमा वडा पौराणिक आख्यान छ । भारतको अयोध्या अथवा वज्र प्रदेशबाट उदय भएको सख्या र पैयाँ व्रजमा नै लोपोन्मुख हुनु तर नेपालका डङ्गौरा थारूहरूमा अद्यापि प्रचलनमा रहनु अनुसन्धेय र चाखलाग्दो छ । जेहोस्, नाच र आख्यानको त्यत्तिकै उत्कृष्ट समन्वय रहेको संख्या र पैयाँ लोकनृत्यलाई सामान्य लोकनृत्यका रूपमा हेरिनु युक्तिसङ्गत हुँदैन भन्छन् डा. गोविन्द आचार्य । उनी अझ थप्छन्- “सख्या प्रवन्धात्मकता, सङ्गीतात्मकता र सामूहिकताका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण छ । थारू लोकसाहित्यमा उपलब्ध यो काव्यसागरसँग तुलना गर्न सकिने नेपालमा अर्को कुनै समुदाय छ कि छैन ? यस विषयमा तुलनात्मक अध्ययन गर्न सकिने क्षेत्र रहेको छ” (. . . . . ) व्यक्तिगत वार्ताकै क्रममा उनले एकपटक भनेका थिए- “तपाइँहरूको सख्या गति र पैयाँ नृत्यको सङ्गीत जव राती कानमा पर्छ, सम्मोहित भएर निद्रा लाग्दछ ।” त्यसैले डश्याको अवसरमा हप्तौंसम्म नाचिने पैयाँ, सख्या नृत्य र गाइने सख्या गीतको रसास्वादन गर्न प्रत्यक्षदर्शी हुन आवश्यक छ । शब्दातीत रूपमा त्यो अनुभूति असंभव छ । यसको व्याख्या जति गर्दा पनि थोरै हुन्छ ।

अष्टमीको रात बित्छ । नवमीको ब्रह्ममुहुर्तमा घरमूलीले कोंहडाको भेंडा बनाउँछन् । अग्रभागमा काठको छेस्काले सिंङ, मुख बनाउँछन्, पृष्ठ भागमा पुच्छर । चारवटा खुट्टा पनि बनाउँछन् । मानव बलिको रूप हाल कुभिण्डो बलिमा आइपुगेको दृष्टान्त हो यो जुन निकै सकारात्मक पक्ष हो थारू संस्कृतिको । कुभिण्डोको वली दिइसकेपछि त्यसलाई मूलद्वार माथि छानामा फालिन्छ अग्रभाग भने तरकारी खानका लागि कुनै-कुनै डङ्गौराहरूले प्रयोग गर्छन् ।

नवमी तिथीः बिहान हुन्छ । घरकी कन्याले बायाँ हातमा कलश लिन्छिन् । कलशको पानी चुहाउँदै गृहदेवस्थलभित्र जान्छिन् । देवीदेवताहरूका अगाडि कलम राखिन्छ । पुरानो बढानीको ठाउँमा नयाँ बढानी राखिन्छ । मद्य चढाइन्छ । घरमूली पुनः नुहाउन जान्छन् । त्यसपश्चात घर बाहिरका देवताहरूलाई भालेको भोग दिइन्छ । सबै देवीदेवताहरूलाई जमरा, वेव्री बावर चढाइन्छ । पितृहरूलाई श्राद्ध दिइन्छ जसलाई थारू भाषामा “पहर डेना” भनिन्छ । श्राद्धमा चढाइएको भात तरकारी छोरा, नातिले मात्र खान हुन्छ । श्राद्धमा दिइने खानामा माछा, सिल्टुङ र पवैंको साग, तोरीको साग, चिचिण्डो, आदि बिजोडा संख्यामा तरकारी चढाइन्छ ।

नवमीको दिनलाई गवँल्या टीकाको दिन भनिन्छ । त्यस दिन सर्वप्रथम दोपहर हुन्छ : घर-घरबाट गरढुऱ्याहरू करै वा गोल्लामा (रक्सी वा जाँडको लागि प्रयोग गरिने माटाको भाँडा) रक्सी, जाँड, जमरा, वेव्री लिएर मटावाँको घरमा जान्छन् । गाउँकी नर्तकीहरू मादलेहरू पनि भेला हुन्छन् । सबैजना जम्मा भइसकेपछि यस्तो तालमा “डौं फट्टौं नक घुम, डौं डौं फट्टौं नकघुम” को तालमा

मादलेहरूले मादल बजाउँदै मटावाँको नेतृत्वमा थारू महाभारत (वर्कीमार) गायन गर्दै ग्रामीण देवस्थलमा जान्छन् । त्यसको आखर यसप्रकार छ-

बेबुरी बिना एक हम का चढावै, विना बुद्धी टुम्हारे पाउ
ढनपटी सरसोटी टोर हिरड वैस री डेहो
भगमोटी शरन लेहनुँ टोर नाम, डेबी ढरम डेबी बन्दन बा

अर्थात्- वेवुरी फूल नचढाएर म अल्पवुद्धिवालाले तिमीलाई चढाउँ धनकी र विद्याकी देवी ? जे होस्, तिमी मेरो हृदयमा बास गरिदेउ । हे भगवती ! म तिम्रो शरणमा रहन पाउँ । म तिम्रो धर्मको, नामको बन्धनमा बाँधिन चाहन्छु ।

यसरी थारू महाभारतको काव्य गायन गर्दै, मादल बजाउँदै ग्रामीण देवस्थलका देवीदेवताहरू चनह्वा (चारवाहहयुक्त देवता), डहरचण्डी (दहकी देवी), पाण्डवलाई साक्षी राखेर मटावाँ र गरढुऱ्याहरूले जमरा र वेव्री कानमा सिउँरी दिँदै टीका आदानप्रदान गर्छन् । थारूहरूमा रातो टीकाको सट्टामा सेतो टीकाको प्रयोग गरिन्छ तर आजको दिन भने टीकाको प्रयोग नगरिने कुरा स्मरणीय छ ।

जमरा र वेव्रीको प्रयोग गरी टीका आदानप्रदानपश्चात मटावाँको घरमा सबैलाई ढिक्री, माछा, फर्सीको तरकारी, जाँड, रक्सी पिउन दिएर स्वागत गरिन्छ । नर्तकनर्तकीहरू आज पनि अहोदिन-अहोरात्र सख्या/पैयाँ नाच्छन् ।

साँझ परेपछि नवविवाहित दुलहाहरू गुन्द्री, कुखुरा, मच्या, रक्सी आदि पाहुर लिएर आफ्नो ससुराली टीका थाप्न जान्छन् जसलाई "जिउँरा लगैना" (जमला लगाउने) भनिन्छ ।

आज दशमी तिथी, थारूहरूको राजा टीकाको दिन । आज समाजमा प्रतिष्ठित व्यक्तिहरू, डेशवन्ढ्या गुऱ्वा, घरगुऱ्वा, ढह्रप्या गुऱ्वा तथा अन्य इष्टमित्रहरू कहाँ आफ्ना घरमा टीका लगाएपछि आफन्तजनकहाँ टीका थाप्न जाने दिन हो । थारू संस्कृतिमा गुऱ्वा गाउँमूली धामी, झाँक्री अर्थात् धार्मिक गुरुको निकै महत्त्व हुन्छ । विशाल क्षेत्रको जमिन्दार क्षेत्रपतिलाई देशवन्ढ्या अर्थात् थुप्रै गाउँको नियन्त्रण भनिन्छ । थारूका क्षेत्रलाई ड्यास भनिने कुरा स्मरणीय छ । त्यस्तै आफ्नो घरको धार्मिक कार्य गरिदिने पुरोहितलाई घरगुऱ्वा भनिन्छ । महिलाहरूको प्रजनन शक्तिको रक्षा गरिदिनेलाई दह्रप्या गुऱ्वा भनिन्छ । आज पनि अहोरात्र सख्या/पैयाँ नृत्य चलिरहन्छ ।

दशमी डश्याको अन्तिम दिन भएकाले अन्य विधिविधानको समापन हुन्छ तर सख्या गीत अर्थात् थारू लोकभागवत पुराणको साङ्गेता समापन समाप्ति नहुँदासम्म सख्या/पैयाँ नृत्य चलिरहन्छ । केही वर्ष पहिलेसम्म एक महिनासम्म यो नृत्य नाचिन्थ्यो । अचेल थारूहरूलाई नै आफ्नो लोकनृत्य, लोकसंगीतबाट वितृष्णा जाग्न थालेपछि यस्ता सांस्कृतिक सम्पदा शनैःशनैः लोपोन्मुख छन् । यस्तो विधिको रसास्वदन गर्न त गैर थारूहरूको सामिप्यता खोज्नुपर्ने परिस्थिति सिर्जना हुन थालेको छ । निष्कर्षतः थारू लोकसाहित्य, लोककला, लोकदर्शनको वैज्ञानिक र व्यापक अध्ययन अनुशीलनको आवश्यकता छ ।

**डेवारी**

डेवारी अर्थात् तिहार, मंसीर (अगहन) महिनाको कृष्ण पक्ष (अँढऱ्या) औंसीको दिन थारूहरूको देवारी पर्वको दिन हो । औंसीभन्दा पहिलेको दिन माछा मारिन्छ । यसै दिन ढिक्री बनाउनका लागि पैनसटोपी पनि धोइन्छ । यसै दिन बाँसको लिङ्गे गल्लीमा गाडिन्छ । सबै थरका थारूहरूले विशेष गरी गाड्छन् । लिङ्गेमा बाबियोको डोरी बाँधेर घरको धुरीसम्म तानिएको हुन्छ । डोरीमा पिपल, आमको पात र गोडाउली तथा हजारीको (ठ्याचा) फूल उनिएको हुन्छ । यस्तो डोरीलाई थारू भाषामा "टाँटो" भनिन्छ ।

बिहान जौ भुटेर त्यसमा मकैको पीठो, नुन मिसाएर गाइ-गोरुलाई खुवाइन्छ । यस्तो खाद्य पदार्थलाई "पिरो" भनिन्छ थारूमा ।

यस पर्वमा पितृहरूलाई श्राद्ध दिइन्छ जसलाई थारूमा "पिट्टर डेना" भनिन्छ । श्राद्धमा दिने परिकारहरू दशैं जस्तै हो । श्राद्ध दिनुभन्दा पहिले आँगनमा एक ठाउँमा गोलाकार रूपमा गोबरले लिपेर त्यसमा फर्सीको फूल राखिन्छ । आँगनदेखि डिहुरारसम्म लिप्दै लगिन्छ । श्राद्ध दिने ठाउँमा चामलको घोलले सेलरोटी आकारको गोलो घेरा (थारूमा ढुर्रा) बनाइन्छ । यो गोलो बाटुलो घेरालाई पितृहरूको आसन मानिन्छ । श्राद्धमा दिइने भात, तरकारी (पिट्टर) यसै घेरामा राखिन्छ । यस घेरामा जल, मद्य (मड), दूध, दाँत कोट्याउने सिन्का, भात, तरकारी राखिसकेपछि एक छिनका लागि कोठा सुनसान छोडिदिनु पर्छ ताकि पितृहरू निसङ्कोच आएर ज्यूनार गर्न सकुन् । एक छिन्पछि बालकहरू तथा रजस्वला नभएकी कन्याले यो कुरा खान सक्छन् । सबभन्दा उत्तरतर्फ राखिएको खाना भने खान हुँदैन ।

दिनभरि घरमूलीकी पत्नीले ढिक्री बनाउँछिन् । यस पर्वमा लट्ठ ढिक्री र गुलेऱ्वा ढिक्री मात्र बनाइन्छ । पूर्वतर्फको मूलद्वार वा पश्चिमतर्फको द्वारनेर पीठोले पूर्ववत् गोलो घेरा बनाइन्छ । त्यस घेरामा ढिक्रीको बत्ती बनाएर बालिन्छ । यही बत्तीरूपी ढिक्रीलाई कन्याले लुट्छन् । यसलाई "ढिक्री लुटना" भनिन्छ । यसरी यो पर्व समाप्त हुन्छ । हरेक पर्वमा इष्टमित्र, चेलीबेटीहरू आउनु, मीठो खानु स्वाभाविक नै हुन्छ ।

**सन्दर्भ कृतिसूची**

आचार्य, गोविन्द. २०६४. "विशिष्ट थारूलोकसाहित्यिक सम्पदा : सख्या, ***मधुपर्क.*** वर्ष ४०, अङ्क ४, पूर्णाङ्क ४५९ भदौ ।

थारू, अशोक. २०५५. "वर्कीमार : संक्षिप्त तुलनात्मक अध्ययन (नेपाली)." ***डूएल पर्पसेस.*** ललितपुर : जगदम्बा प्रेस ।

----------. २०५५. "वर्कीमार : संक्षिप्त तुलनात्मक अध्ययन (थारू)." ***डूएल पर्पसेस.*** दाङ : राप्ती अफसेट ।

----------. २०५६. "वर्कीमार (परिमार्जित संस्करण)." ***डूएल पर्पसेस.*** दाङ : वेस ।

----------. २०५७. "थारू थारूमहाभारतको लहर विश्व सञ्चार जगतसम्म." ***युगवोध.*** ज्येष्ठ ६ ।

----------. २०५९. "थारू लोकसाहित्यमा विश्व सृष्टिक्रम : एक संक्षिप्त चर्चा." ***प्रज्ञा.*** (वैशाख-आश्विन), काठमाडौँ : ने.रा.प्र.प्र. ।

----------. २०५९. "थारू लोकसाहित्यमा विश्व सृष्टिक्रम : एक संक्षिप्त चर्चा." ***युगवोध.*** (अष्टिम्की), वर्ष १९, पौष ।

----------. २०५९. "थारू लोकसाहित्यमा विश्व सृष्टिक्रम : एक संक्षिप्त चर्चा." ***युगवोध.*** (संख्या), असोज २५ ।

----------. २०६२. "लोकसाहित्यमा इतिहास, कला र दर्शन (अष्टिम्की)." ***सयपत्री.*** (वैशाख-असोज), काठमाडौँ : ने.रा.प्र.प्र. ।

----------. २०६३. ***थारू लोकसाहित्यमा इतिहास, कला र दर्शन.*** दाङ : क्याफ नेपाल ।

----------. २०६३. "थारू लोकनृत्य : सख्या र पैयाँ." ***लोकसंस्कृति.*** वर्ष १, अङ्क १, काठमाडौँ : नेपाल म्यूजिक सेन्टर ।

----------. २०६५. "थारू परम्परागत संगठन, डेशबन्ढ्या, जटावाँदेखि गरदुर्‍यासम्म." ***युगबोध.*** असोज १८ ।

***नेपाली बृहत् शब्दकोश.*** २०५०. काठमाडौँ : ने.रा.प्र.प्र. ।

सुवेदी, राजाम. २०५४. ***कर्णाली प्रदेशको मध्यकालीन इतिहास,*** काठमाडौँ : साझा प्रकाशन ।

Gesele, K. (Collaborator- Tharu, Ashok). 1989. ***Maitres Et. Possectes.*** Paris: CNRS.

Kurt, M.P., Deual (Translator: Rai, Dinesh Chamling/Ghimire, Kalpana/Tharu, Ashok). 1998. ***Barka Naach: A Folk Art Version of Tharu Mahabharata.*** Lalitpur: Himal Books.